मितिः २०७८/०२/०६ (21st May, 2021)

# साइबर सुरक्षाका लागि जनहितमा जारी सन्देश

## Online Banking (Mobile Banking/Internet Banking) सेवा कसरी सुरक्षित साथ प्रयोग गर्ने?

Online Banking (Mobile Banking/Internet Banking) सेवाको सुरक्षित साथ प्रयोग गर्न निम्न उपायहरु अपनाऔं।

१. Online Banking को प्रयोग गर्नु अगाडी आफ्नो बैंकको Online Banking सम्बन्धी नियम प्रक्रिया आदिबारे जानकारी लिऊ |

२. Online Banking सेवा प्रयोग गर्दा सम्बन्धित बैंकको आधिकारिक वेबसाइट प्रयोग गर्ने | Mobile Banking को लागि आधिकारिक Mobile App पहिचान गरेर मात्र Install गर्ने र प्रयोग गरौ |

३. Online Banking मा प्रयोग हुने Computer/Mobile/Laptop मा अनिवार्य रुपमा Password/Pattern/PIN/Biometric आदिको प्रयोग गरी Lock गर्ने गरौ |

४. Online Banking को URL सधै टाइप गरी र कहिलें पनि Email Link वा अन्य वेबसाइटमा रहेको Hyperlink Click गरी प्रयोग नगरौ |

५. Online Banking को लागि Multi-Factor Authentication (जस्तै Two Factor Authentication, Mobile Number, OTP, Fingerprint इत्यादी) को प्रयोग गरौ |

६. Banking Transaction को मोबाइल (SMS/Email) Notification सेवा अनिवार्य प्रयोग गरौ |

७. आफ्नो Bank Statement नियमित चेक गरौ |

८. आफ्नो Bank Account, Password, PIN Code, CVC, OTP कहिले पनि कसैलाई नदिउ | बैंकका कर्मचारीहरुले कहिले पनि तपाईँको Password, PIN Code, CVC, OTP जस्ता विवरण नमाग्ने हुँदा Fake Call/Scam हरुवाट बचौ |

९. Online Banking को लागि बलियो पासवर्डको प्रयोग गरौ र नियमित परिवर्तन गरौ |

१०. आफ्नो Online Banking को Login Credential कहिले पनि Browser आदिमा Save नगरौ |

११. Online Banking सेवा प्रयोग गरि सकेपछि Logout/Sign out गर्न नभूलौ |

१२. सार्वजनिक स्थलका Computer (जस्तै Cyber Cafe etc.) वा सार्वजनिक Wi-Fi को प्रयोग गरी Online Banking सेवा प्रयोग नगरौ |

१३. Online Banking को लागि प्रयोग गरिने Computer/Mobile Device तथा Mobile App हरुलाई नियमित अपडेट गरौ ।

१४. आफ्नो बैंक खातामा कुनै शंकास्पद गतिविधि देखिएमा तुरुन्त बैंकमा सम्पर्क गरौ ।

१५. Computer, Mobile, Laptop आदिमा Genuine Anti-Virus को प्रयोग गरौ ।


**Nepal Telecommunications Authority (NTA)**

**Cyber Security Task Force (NTACERT)**

**National Theatre Building, Jamal**

**Kathmandu, Nepal**

**Email: cert@nta.gov.np, Website: www.nta.gov.np**